# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं माघ २७ गते ०१ साल

भाग २


## करेन्सी एण्ड एक्सचेन्ज अर्थ विभागको सूचना

अहिलेलाई खर्च गर्दा मोरु खर्च गर्ने काममा मोरु मौजदात भएसम्म मोरु नै खर्च गर्नुहोला, मोरु मौजदात नभई आवश्यक काममा खर्च गर्नुपरेमा बडा हाकिमको इजलासमा बजारका साहु महाजन बुझी मुनासिब भाउ कायम गरी सो भाउले कं.रु देशी नोट रु. खर्च गर्नुहोला कं.रु नोट रु. मोरुको सटहीका दर-भाउ तकात भएको दरसमेत खोली सूचना अर्थ ( करेन्सी एण्ड एक्सचेन्ज ) विभागमा पठाउनुहोला ।

परिचित शमशेर

## अर्थ खर्च व्यवस्था विभागको सूचना

१ तलब भत्ताको नयाँ स्केलमा कम्पनी वा मोहर नतोकिई रु मात्र तोकिएको हुनाले मोहरू खुवाई आएकालाई मोहरू, देशी नोट कम्पनी खुवाई आएको-लाई देशी नोट कम्पनी नै खुवाउने गर्नू भन्ने आश्विन ७ गतेको गजेटमा उल्लेख भएकोमा कम्पनी र मोहर दुबै खानेलाई के गर्ने भन्ने कितापखानाको रिपोर्ट परी यस विषयमा पछि जुन पालिसी लागू हुन आउँछ उस बेला सो

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३४५

मालिसिबमोजिम गर्ने गरी हाललाई साविक खांगी कम्पनी, मोहरुसमेत जो जति छ दुवै जम्मा गरी त्यसको दाम्रासाहीले पे स्केल टेबुलअनुसार जो पाउने वृद्धिसम्म मोहरु खुवाई साविक अंकचाहिं कम्पनीको कम्पनी मोहरको मोहरै खुवाई राख्ने गर्नू भन्ने परिपत्र गएको हुनाले अरु तलब खुवाउने अड्डाहरुले पनि सोबमोजिम गर्नु र गर्नलाउनू ।

२ आषाढ ३ गतेको गजेटमा परेका दर्ज्यानी बाहेक अरु सकल नन् गजेटेड मुनिको कर्मचारीहरुको हाल पाउने अंकसम्बन्धित स्केलको टेबुलअनुसार अंक कायम गरी खुवाउनू । टक्सार, स्वास्थ्य, शिक्षा बिभागका कर्मचारीहरु-मा पनि कार्तिक महीनासम्म जुन हिसावले गएको छ सोही सदर गरी मार्ग महीनादेखि माथि लेखिएबमोजिम गर्नू भन्ने पौष १५ गते गजेट प्रकाश भएकोमा अघि अघि प्रकाश भएका गजेट र आदेशहरुबमोजिम मार्ग महीना-सम्मको पनि रिपोर्ट चलिसकेपछि मात्र सो गजेट प्रकाश भएकोले के गर्ने भन्ने किताबखानाको रिपोर्ट परी मार्ग महीनासम्मको गएको सदरै गरी पौष महीनादेखिको मात्र नदिने गर्नू भन्ने परिपत्र गएको हुनाले अरू तलब खुवाउने अड्डाहरुले पनि सोबमोजिम गर्नुहोला ।

हिरण्यध्वजजोशी — डेपुटी सेक्रेटरी

## अर्थ विभागको सूचना

निजामती कर्मचारीहरुको नयाँ पे स्केलबिषय आश्विन ७ गते प्रकाश-भएको संख्या ७ को गजेटको भूल सुधार ।

| पेज | छापिएको | छापिनु पर्ने |
| --- | --- | --- |
| ६१ | प.ड.का. ५०—९० य.स्के.टे.अ. | उही ७०—१३० य.स्के.टे.अ. |

हिरण्यध्वजजोशी डिपुटि सेक्रेटरी

अर्थ खर्च व्यवस्था विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।